# स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको त्रैमासिक प्रकाशन

वर्ष १४, अङ्क १

(२०८१ पुस १७ गतेदेखि २०८१ चैत १८ गतेसम्म)


## लुम्बिनी प्रदेशको

# मानव अधिकार अवस्था विश्लेषण

लुम्बिनी प्रदेशमा सन् २०२५ को पहिलो त्रैमासिक (जनवरीदेखि मार्चसम्म) को मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनालाई हेर्ने हो भने अन्य पक्षबाट महिला तथा बाल अधिकार हनन् बाहेक राज्यपक्षबाट उल्लङ्घनका घटनाहरू उल्लेखनीय र गम्भीर प्रकृतिका भएनन्।

तथापि अन्यपक्षबाट हुने मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूमा महिला तथा बालबालिका पीडित भएका छन्। विशेष गरी महिला तथा बालिकाहरू बलात्कार तथा यौन जन्य हिंसाका घटनामा पीडित भएका छन्। यो अवधिमा चार वर्षीया बालिका र ३५ वर्षीया महिलासम्म यौनजन्य हिंसाबाट पीडित भए।

लुम्बिनी प्रदेशको अभिलेख अनुसार सन् २०२५ को जनवरीदेखि मार्चसम्मको अवधिमा यस प्रदेशमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्यपक्षबाट १७ जना पुरुष पीडित भए भने अन्यपक्षबाट ५ सय ५ जना महिला र ३७ जना पुरुष गरी ५ सय ४२ जना पीडित भए। यस अवधिमा राज्यपक्ष र अन्यपक्षबाट गरी ५ सय ५९ जना पीडित भएको अभिलेख भयो।

जसमा राज्यपक्षबाट कुटपिटका घटनामा एक जना, घाइते १६ जना गरी १७ जना पीडित भए। यसैगरी अन्यपक्षबाट पुरुष, महिला र बालिका गरी ५ सय ४२ जना पीडित भए। अभिलेखित घटना अनुसार चार जना महिला र १० जना पुरुष गरी १४ जनाको हत्या भयो। यो अवधिमा बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना बालक र ७६ जना बालिका गरी ७९ जना पीडित भए। जसमध्ये ५१ जना बालिका बलात्कार, दुई जना बालिका बेचबिखन, दुई जना बालिका बालविवाहबाट पीडित र दुई जना बालक यौनदुर्व्यवहार, २० जना बालिका यौनदुर्व्यवहार र विद्यालयमा दिइने दण्ड सजायबाट एक जना बालक पीडित भए।

यसैगरी सबैभन्दा बढी महिला अधिकार उल्लङ्घनका घटनामा ४ सय १६ जना महिला पीडित भए। जसमध्ये १८ जना बलात्कार, ६ जना बलात्कार प्रयास, ३ सय ८६ जना महिला घरेलु हिंसा, एक जना साइबर अपराध घटनामा पीडित भए।

यसअघि विभिन्न प्रकारका मानव अधिकार तथा ज्यादतीका घटनामा संलग्न आरोपितहरूमाथि पनि कानुनी कारबाही हुन नसक्नु लगायतका कारणले ज्यादतीका घटना कम हुन सकेको छैन। महिला र बालबालिका माथि हुने हिंसाका घटना न्यूनीकरणका लागि स्थानीय सरकारले पनि स्पष्ट नीति ल्याउन नसक्नु तथा रोजगारीको अवसर नहुनु तथा बेरोजगार जनशक्ति बढ्नुले पनि महिला र बालबालिका माथि हुने हिंसा बढेर गएको मानव अधिकार

उल्लङ्घन तथा ज्यादतीका घटनामा संलग्न पीडितहरूको व्यक्तिगत अभिलेखबाट देखिन्छ। न्यायिक तथा सुरक्षा निकायलाई सबल तथा सक्षम बनाउने, आमनागरिकलाई उनीहरूका कर्तव्य बोध गराउनेलगायतका काममा स्थानीय तहको क्षमता विकास गराउनु आजको आवश्यकता देखिन्छ। साथै स्थानीय सरकारलाई मानव अधिकार रक्षाका लागि जिम्मेवार बनाउन सके मात्रै आम नागरिकको अधिकार सुनिश्चित हुन सक्ने कुरामा दुई मत छैन।

पछिल्लो समयमा नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने राज्यका स्थानीय निकायहरू सरकारले लिएको नीति तथा कार्यक्रमहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन खासै इच्छाशक्ति देखाउन नसकिरहेको नागरिक गुनासाहरू छन्। स्थानीय स्तरमा समन्वय सहकार्यका माध्यमबाट मानव अधिकारको संरक्षण र सम्बर्धन गर्नुपर्ने कतिपय सवालहरूमा राज्य चुकिरहेको देखिन्छ, त्यसको ज्वलन्त उदाहरणका रुपमा मानव अधिकार राष्ट्रिय कार्ययोजनालाई लिन सकिन्छ। लुम्बिनी प्रदेश सरकारले हालसम्म पनि मानव अधिकार पाँचौं राष्ट्रिय कार्ययोजना अनुगमन समिति बनाउन नसक्दा सङ्घीय सरकारले अवलम्बन गरेको मानव अधिकार सम्बन्धि पाँचौ राष्ट्रिय कार्ययोजना अलपत्र परेको छ। कार्ययोजनालाई स्थानीय तहसम्म पुऱ्याउनुपर्ने स्थानीय निकायहरूको जिम्मेवारी भए तापनि अधिकांश स्थानीय तहहरूले उक्त समिति गठन गर्ने इच्छाशक्ति प्रकट गरेको पाइएन। स्थानीय प्रहरी प्रशासनका गलत गतिविधिहरूका बारेमा पत्रपत्रिकामा प्रकाशित समाचारलाई लिएर स्थानीय प्रहरी, प्रशासनबाट समेत पत्रकारहरू पीडित हुनु परेका घटनाले मानव अधिकारकर्मीहरूलाई समेत दु:खी बनायो। वर्षौंदेखि आफ्नो न्यायका लागि छटपटिरहेका सशस्त्र द्वन्द्वपीडितहरू अझैपनि झिनो न्यायका आशाका साथ सरकारसामू याचना गरिरहेको पाइयो। समग्रमा लुम्बिनी प्रदेशको मानव अधिकार विगतको तुलनामा खासै प्रगति भएको पाइएन।

**भोला महत**
प्रदेश संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
### (जनवरी–मार्च २०२५)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | कूल जम्मा |
| घाइते | | १६ | १६ | | १७ | १७ | ३३ |
| अमानवीय व्यवहार | | | | ७ | २ | ९ | ९ |
| कुटपिट | | १ | १ | २ | ५ | ७ | ८ |
| बाल अधिकार | | | | ७६ | ३ | ७९ | ७९ |
| हत्या | | | | ४ | १० | १४ | १४ |
| महिला अधिकार | | | | ४१६ | | ४१६ | ४१६ |
| जम्मा | | १७ | १७ | ५०५ | ३७ | ५४२ | ५५९ |

# लुम्बिनी प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८१ पुस १७ गतेदेखि २०८१ चैत १८ गतेसम्म)

### नागरिक तथा राजनीतिक अधिकार

#### सम्मानित रूपले बाँच्न पाउने अधिकार

**हत्या**

**अन्यपक्षबाट**

**रुपन्देही**

दाङ जिल्लाको लमही नपा-७, उच्च लिम्बु स्थायी घरभइ बुटवल उपमहानपा-११, कालिका पथमा साथीहरूसँग बसी ज्याला मजदुरी गर्दै आएकी ४० वर्षीया सर्ि ता चौधरीलाई ०८१ फागुन ८ गते यौन प्रस्ताव राखेको र अस्वीकार गरेपछि ढु ाले हानेर हत्या गरेको आरोपमा निजसँगै मजदुरी गर्ने तिलोत्तमा नगरपालिका-१२ का अजय भनिने ४२ वर्षीय अमिरिका थारुविरुद्ध पीडित पक्षले फागुन ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १६ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम फागुन ८ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् चैत १२ गते हत्या गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश श्याम प्रसाद श्रेष्ठको चैत १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि भैरहवा कारागार पठायो।

**झडप**

**पश्चिम नवलपरासी**

पाल्हीनन्दन गाउँपालिका-३ कुश्मामा हिन्दु युवक र इस्लामिक युवतीबिच भएको अन्तधार्मिक र अन्तर्जातीय विवाहलाई लिएर भएको विवादमा स्थानीय समुदायबीच ०८१ फागुन १३ गते झडप हुँदा १६ जना घाइते भए। घाइते हुनेहरूमा पाल्हीनन्दन गाउँपालिका-३ का ५६ वर्षीय इन्ताफ अली, सोही ठाउँका ७० वर्षीय चोकर मुसलमान, ५१ वर्षीय मोहम्मद पवरिया, ३५ वर्षीय विजय धवल, सोही ठाउँका ४५ वर्षीय बैजनाथ प्रसाद लोनिया, सशस्त्र प्रहरी २६ नं. गणमा कार्यरत वरिष्ठ हवल्दार २६ वर्षीय विजय बढई, प्रहरी जवानहरू ४१ वर्षीय विरबहादुर कार्की, ३० वर्षीय रमेश खत्री, २६ वर्षीय सुजन दर्लामी, २६ वर्षीय सुजन दर्लामी लगाएत रहेका थिए। घाइतेहरूको स्वास्थ्य उपचार पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो। घटनामा पाँच राउण्ड अश्रु ग्याँस, तीन राउण्ड हवाई फायर प्रयोग गरिएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर नारायण थापाले बताए। उनका अनुसार घटनामा प्रहरीको गाडी बा १ झ ७४४८ नं. पूर्ण क्षति भए।

**कुटपिट/घाइते**

**राज्य पक्षबाट**

**बाँके**

डुडुवा गाउँपालिका-६, आसमानपुरस्थित जयेन्दु बालसुधार गृहमा ०८१ चैत २ गते बालबन्दीहरूबिच झडप हुँदा १६ जना बालक र चार जना प्रहरीसहित २० जना घाइते विवादलाई समाधान गर्न प्रयास गर्दा बालसुधार गृहभित्र ढु ामुढा, भवनबाट आगोको धुवाँ निस्कन थालेपछि स्थिति नियन्त्रण गर्न प्रहरी परिचालन गरिएको जयेन्दु बालसुधार गृहमा झडप हुँदा १९ वर्षीय चन्द्रबहादुर खडका, १९ वर्षीय देन महतरा, १९ वर्षीय सुभाष राढ, १७ वर्षीय बालक, २१ वर्षीय आशीष चौधरी, १९ वर्षीय सन्जय परियार, १८ वर्षीय सन्दीप चौधरी, १७ वर्षीय बालक, २० वर्षीय परन तमा , १८ वर्षीय रमेश बस्नेत, १७ वर्षीय बालक, १९ वर्षीय उपेन्द्र पुनमगर, १६ वर्षीय बालक, १९ वर्षीय प्रकाश राना, १६ वर्षीय बालक, १९ वर्षीय तेजु थापा घाइते भए भने प्रहरी तर्फ प्रहरी जवान ३० वर्षीय विरेन्द्र महतरा, प्रहरी जवान २७ वर्षीय कृष्ण कार्की, प्रहरी जवान ३१ वर्षीय धनबीर विक र प्रहरी जवान २८ वर्षीय यमलाल परियार घाइते भए। बालबन्दीहरु घाइते मध्ये दुई जनाको सिटीस्क्यानका लागि नेपालगञ्ज शिक्षण अस्पतालमा र अन्य सबैको भेरी अस्पताल, नेपालगञ्जमा उपचार भई सवै डिस्चार्ज भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी सुचना अधिकारी दिपक पातलीले बताए।

**अन्यपक्षबाट**

**दाङ**

घोराही उमनपा-११ की २४ वर्षीया महिलालाई ०८१ चैत ९ गते घोराही उमनपा-११ का २८ वर्षीय गोपाल चौधरी, २४ वर्षीया शिवाकुमारी चौधरी र २८

वर्षीया हिरामती चौधरीले विभिन्न लान्छाना लगाउँदै विद्युत पोलमा बाँधेर कुटपिट तथा अमानवीय व्यवहार गरेको भन्दै पीडित पक्षले चैत १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। कुटपिटबाट दुवै आँखा, घाँटी, छातीमा गम्भीर चोट लागेर घाइते भएकी पीडितको चैत १४ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा प्राथमिक उपचारपछि थप उपचारका लागि भैरहवा आँखा अस्पताल रिफर गरियो। घटनाको विरोध गर्दै अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक, मानवअधिकार सञ्जाल दाङ, नागरिक समाज, महिला मानव अधिकार रक्षक सञ्जाल, नेपाल पत्रकार महासंघले चैत १५ गते संयुक्त विज्ञप्ति जारी गरी घटनामा संलग्नलाई कारवाही र पीडितको उपचारको माग गरे। प्रहरीले आरोपित तीनै जनालाई चैत १४ गते गिरफ्तार गरी अनुसन्धान थालेको जिल्ला प्रहरी कार्यालय डिएसपी चक्रबहादुर शाहले बताए।

## बाल अधिकार

### बिष्फोटक पदार्थबाट घाइते

**प्यूठान**

मल्लरानी गाउँपालिका–३ का ११ वर्षीय शौरभ अधिकारी ०८१ माघ २६ गते घर नजिक रहेको सान्ता केसीको बारीमा खेलौना जस्तो देखिने बस्तु घर ल्याएर खेलाउने क्रममा बिष्फोट हुँदा घाइते भए। घाइते बालकको दाहिने खुट्टामा चोट लागेको र उपचारको लागि जिल्ला अस्पताल बिजुवारमा लगी सामान्य उपचार पछि थप उपचार लुम्बिनी प्रदेशिक अस्पतालमा भयो। प्रहरीले मल्लरानी गाउँपालिका–३ का ५८ वर्षीय मोहनबहादुर केसीलाई गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन २० गते बिष्फोटक पदार्थ कसुर अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

## बेचबिखन तथा ओसारपसार

**बाँके**

१७ वर्षीया बालिकालाई ०८१ माघ २३ गते बेचबिखन तथा ओसार पसार गर्न लागेको भन्दै हुम्ला जिल्लाको सर्केगाड गाउँपालिका-८, छयागका २२ वर्षीय राज शाही भनिने डिल्ली कामीविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा माघ २७ गते उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २८ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। प्रहरीले आरोपितविरुद्ध फागुन २० गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बेचबिखन तथा ओसार पसार गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २१ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८१ फागुन २४ गते बेचबिखन तथा ओसार पसार गर्न लागेको भन्दै राप्तीसोनारी गाउँपालिका-७, विशम्भरपुरका ४६ वर्षीय चिजमान भन्ने तेजु थारु, डुडुवा गाउँपालिका-३, हलबलडोलीका ३५ वर्षीय लल्लु भन्ने मो. इसरारुल हक, राप्तीसोनारी गाउँपालिका-६, मोहनपुरका २९ वर्षीया कल्पना रायमाझीविरुद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय, भगवानपुरमा फागुन २४ गते उजुरी दियो। प्रहरीले आरोपितहरुलाई फागुन २४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २४ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। घटनाका आरोपितहरु प्रहरीको हिरासतमा छन्।

## बलात्कार, यौन दुर्व्यवहार

**रोल्पा**

६ वर्षीया दुई जना र सात वर्षीया बालिकालाई ०८१ फागुन २५ गते बलात्कार गरेको आरोपमा १४ वर्षीय बालकविरुद्ध पीडित पक्षले चैत ११ गते इलाका प्रहरी कार्यालय, सुलिचौरमा उजुरी दियो। आरोपितलाई प्रहरीले ०८१ चैत ११ गते गिरफ्तार गऱ्यो। पीडितहरूको स्वास्थ्य परीक्षण चैत १२ गते जिल्ला अस्पताल, रेउघामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत् ०८२ वैशाख २ गते बलात्कार अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख २ गतेको आदेशले आरोपित बालकलाई बालसुधारगृह नेपालगञ्ज पठायो।

**प्यूठान**

नौ वर्षीया बालिकालाई ०८१ माघ १३ गते बलात्कार गरेको आरोपमा ऐरावती गाउँपालिका–५ का ३३ वर्षीय कमल नेपालीविरुद्ध पीडित पक्षले माघ १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १५ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ १५ गते जिल्ला अस्पताल, बिजुवारमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन २ गते जबर्जस्ती करणी गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २ गतेको आदेशले

आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१३ वर्षीया बालिकालाई ०८१ माघ २४ गते बलात्कार गरेको आरोपमा गौमुखि गाउँपालिका–५ का २२ वर्षीय कुलमान थापामगरविरुद्ध पीडित पक्षले माघ २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २५ गते जिल्ला अस्पताल बिजुवारमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन १९ गते जबर्जस्ती करणी गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०८१ फागुन २२ गते बलात्कार गरेको आरोपमा १४ वर्षीय बालकविरुद्ध बालिकाका आफन्तले फागुन २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २३ गते जिल्ला अस्पताल, बिजुवारमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् चैत १० गते जबर्जस्ती करणी गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत १० गतेको आदेशले बालकलाई पुर्पक्षका लागि बालसुधार गृह, भैरहवामा पठायो।

**पाल्पा**

१४ वर्षीया बालिकालाई ०८१ माघ ९ गते बलात्कार गरेको आरोपमा रामपुर नगरपालिका-८, भुजातका २५ वर्षीय नबिन गुरुङविरुद्ध पीडित पक्षले माघ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ९ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ ३० गते जबर्जस्ती करणी गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ ३० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८१ माघ १७ गते बलात्कार गरेको भन्दै तानसेन नगरपालिका-१०, गडसालका १९ वर्षीय रामजी नेपालीविरुद्ध पीडित पक्षले माघ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आारोपितलाई प्रहरीले माघ १८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १८ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन ११ गते जबर्जस्ती करणी

### महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी – मार्च २०२५)

| | |
|---|---|
| बलात्कार | ५१ |
| यौन दुर्व्यवहार | २२ |
| बेचबिखन तथा ओसारपसार | २ |
| बालविवाह | २ |
| विद्यालयमा दिइने शारीरिक दण्ड सजाय | २ |
| जम्मा | ७९ |

गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ११ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**पश्चिम नवलपरासी**

११ वर्षीया बालिकालाई ०८१ पुस २३ गते बलात्कार गरेको भन्दै रामग्राम नगरपालिका-१६, सुक्रौलीका २१ वर्षीय राहुल बर्मा सोनारविरुद्ध पीडित पक्षले पुस २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २४ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध माघ १७ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ १८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१३ वर्षीया बालिकालाई ०८१ पुस १९ गते

बलात्कार गरेको आरोपमा १४ वर्षीय बालकविरुद्ध पीडित पक्षले पुस १९ गते इलाका प्रहरी कार्यालय, बेलाटारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस १९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस १९ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध माघ १३ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ १३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि भैरहवास्थित बालसुधार गृहमा पठायो।

१५ वर्षीया बालिकालाई ०८१ फागुन ५ गते बलात्कार गरेको आरोपमा ६० वर्षीय बुबाविरुद्ध पीडित पक्षले फागुन ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ६ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध फागुन २३ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**रुपन्देही**

नौ वर्षीया बालिकालाई ०८१ माघ १३ गते बलात्कार गरेको भन्दै १६ वर्षीय बालकविरुद्ध पीडित पक्षले माघ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २२ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १७ गते भिम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन १३ गते यौन दुर्व्यवहार गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश धनिश्वर पौडेलको फागुन १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि बालसुधार गृह, भैरहवा पठायो।

१३ वर्षीया बालिकालाई ०८१ माघ २९ गते सामुहिक बलात्कार गरेको भन्दै देवदह नपा-३ खैरेनीका २८ वर्षीय अजय थापा मगर र सोही ठाउँकै ३५ वर्षीय गोविन्द थापाविरुद्ध पीडित पक्षले फागुन २ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन २५ गते सामुहिक रुपमा जबरजस्ती करणी गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रल्हाद कुमार योगीको फागुन २७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि भैरहवा कारागार पठायो।

१६ वर्षीया बालिकालाई ०८१ फागुन २७ गते बलात्कार गरेको भन्दै मालिका गाउँपालिका-८, सिमलटारी स्थायी घरभइ भारतको भुपालमा काम गर्ने २४ वर्षीय कमल भन्ने चेत बहादुर क्षेत्रीविरुद्ध पीडित पक्षले फागुन २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत १ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २९ गते भिम अस्पताल, भैरहवामा भयो। घटनाका आरोपित हालसम्म प्रहरी हिरासतमा छन्।

१५ वर्षीया बालिकालाई ०८१ चैत १५ गते बलात्कार गरेको भन्दै कोटहीमाई गाउँपालिका-७ मर्चवारीका २५ वर्षीय कञ्चम हरिजनविरुद्ध पीडित पक्षले चैत १५ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत १५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत १५ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो।। घटनाका आरोपित हालसम्म प्रहरी हिरासतमा छन्।

११ वर्षीया बालिकालाई ०८१ चैत ३ गते बलात्कार गरेको भन्दै ५२ वर्षीय बाबुविरुद्ध पीडित पक्षले चैत १४ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत १४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत १४ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। घटनाका आरोपित हालसम्म प्रहरी हिरासतमा छन्।

१३ वर्षीया बालिकालाई ०८१ फागुन ८ गते बलात्कार गरेको भन्दै गैडहवा गाउँपालिका-१, मोडवा चौराहा २१ वर्षीय कल्लु भन्ने तौफिक फकिर मुसलमानविरुद्ध पीडित पक्षले चैत १५ गते इलाका प्रहरी कार्यालय, सालझण्डीमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत १५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत १५ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। घटनाका आरोपित हालसम्म प्रहरी हिरासतमा छन्।

१६ वर्षीया बालिकालाई ०८१ फागुन ७ गते बलात्कार गरेको भन्दै गैडहवा गाउँपालिका-३, चौपारीका २८ वर्षीय श्रवण जयसवाल भनिने श्रवण कुमार जयसवालविरुद्ध पीडित पक्षले फागुन ८ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ८ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी

वकिल कार्यालय मार्फत् फागुन २८ गते जवरजस्ती करणी गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश चाणक्यमणी अर्यालको फागुन २९ गतेको आदेशले पुपर्क्षका लागि कारागार पठायो।

११ वर्षीया बालिकालाई ०८१ माघ ११ गते यौन दुर्व्यवहार गरेको आरोपमा तिलोत्तमा नपा-१, नयाँमिलका ६९ वर्षीय यमलाल गिरीविरुद्ध पीडित पक्षले माघ १३ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १३ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन ७ गते यौन दुर्व्यवहार गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश अशोक कुमार बस्नेतको फागुन १० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८१ फागुन १५ गते यौन दुर्व्यवहार गरेको आरोपमा अर्घाखाँची जिल्ला सन्धीखर्क नपा-६, नरपानी घरभइ बुटवल उपमहानपा-९ बस्ने १८ वर्षीय मिलन विकविरुद्ध पीडित पक्षले फागुन १८ गते इलाका प्रहरी कार्यालय,, बुटवलमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १७ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् चैत १३ गते जवरजस्ती करणी उद्योग गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रल्हाद कुमार योगीको फागुन १४ गतेको आदेशले आरोपितलाई २ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो।

१५ वर्षीया बालिकालाई ०८१ पुस २६ गते यौन दुर्व्यवहार गरेको भन्दै ६० वर्षीय काकाविरुद्ध पीडित पक्षले फागुन २९ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २९ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ १७ गते जवरजस्ती करणी उद्योग गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश अशोक कुमार बस्नेतको फागुन १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका थुनामा पठायो।

१३ वर्षीया बालिकालाई ०८१ फागुन २४ गते यौन दुर्व्यवहार गरेको भन्दै सियारी गाउँपालिका-३, भैसाखादरका २४ वर्षीय प्रेमी केवटविरुद्ध पीडित पक्षले फागुन २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २४ गते भिम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् चैत १३ गते यौन दुर्व्यवहार गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश धनिश्वर पौडेलको चैत १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८१ चैत २ गते यौन दुर्व्यवहार गरेको भन्दै सैनामैना नपा-७, हर्नेयाका १९ वर्षीय शिव मल्लाहविरुद्ध पीडित पक्षले चैत ५ गते इलाका प्रहरी कार्यालय, सालझण्डीमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत ५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत ३ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। आरोपित हालसम्म प्रहरी हिरासतमा छन्।

१५ वर्षीया बालिकालाई ०८१ पुस २६ गते यौन दुर्व्यवहार गरेको भन्दै पीडितका ६० वर्षीय काकाविरुद्ध पीडित पक्षले फागुन २९ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २९ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। घटनाका आरोपित हालसम्म प्रहरी हिरासतमा छन्।

१३ वर्षीया बालिकालाई ०८१ चैत ५ गते यौन दुर्व्यवहार गरेको भन्दै उत्तर प्रदेश मोतियारी जिल्ला इरैया थाना घरभइ सैनामैना नपा-६, गल्लामण्डी डेरा गरी बस्ने ३१ वर्षीय रामबाबु कुमार कानुविरुद्ध पीडित पक्षले चैत १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत १२ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत १२ गते भिम अस्पताल, भैरहवामा भयो। घटनाका आरोपित हालसम्म प्रहरी हिरासतमा छन्।

१० वर्षीया बालिकालाई ०८१ माघ १८ गते यौन दुर्व्यवहार गरेको भन्दै देवदह नपा-६, भवानीपुरका ३४ वर्षीय भिमबहादुर सुनारविरुद्ध पीडित पक्षले चैत १७ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत १६ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन १५ गते यौन दुर्व्यवहार गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश इश्वर पराजुलीको फागुन १५ गतेको आदेशले आरोपितलाई ५५ हजार रुपियाँ धरौटी माग गरेकोमा तोकिएको धरौटी बुझाउन नसकेपछि थुनामा पठायो।

**कपिलवस्तु**

११ वर्षीया बालिकालाई ०८१ माघ २९ गते अपहरण तथा शरीर बन्धक बनाई बलात्कार गरेको भन्दै महाराजगञ्ज नपा-११ का २५ वर्षीय सुश्याम गोडियाविरुद्ध पीडित पक्षले फागुन २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन १ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। फरार आरोपितलाई प्रहरीले फागुन २७ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन २७ गते अपहरण तथा शरीर बन्धक गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशचन्द्र अधिकारीको चैत १० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि भैरहवा कारागार पठायो।

१५ वर्षीया बालिकालाई ०८१ फागुन ४ गते बलात्कार गरेको भन्दै कपिलवस्तु नपा-७, बर्दगहवाका ३० वर्षीय हरिचन्द्र बरईविरुद्ध पीडित पक्षले फागुन ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन ६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ६ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन २२ गते बलात्कार गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशचन्द्र अधिकारीको फागुन २३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि भैरहवा कारागार पठायो।

१७ वर्षीया बालिकालाई ०८१ फागुन १५ गत बलात्कार गरेको भन्दै शिवराज नपा-४ डकैयाका २२ वर्षीय शिव प्रसाद केवटविरुद्ध पीडित पक्षले फागुन १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १७ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन २५ गते जबरजस्ती करणी गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश शिवबहादुर थापाको फागुन २६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि भैरहवा कारागार पठायो।

१४ वर्षीया बालिकालाई ०८१ फागुन २१ गते सामुहिक बलात्कार गरेको भन्दै वाणगंगा नपा-२, कप्टैयाका २१ वर्षीय मोहन थारु र सोही ठाउँकै १५ वर्षीय बालकविरुद्ध पीडित पक्षले चैत १ गते इलाका प्रहरी कार्यालय, पिपरामा उजुरी दियो। पीडितले दिएको उजुरीको आधारमा आरोपितद्वयलाई चैत १ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत १ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन १९ गते सामुहिक करणी गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशचन्द्र अधिकारीको फागुन १० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि भैरहवा कारागार पठायो अर्का आरोपितलाई बालसुधार गृह भैरहवामा पठायो।

१६ वर्षीया बालिकालाई ०८१ पुस २० गते अपहरण तथा शरीर बन्धक बनाई बलात्कार गरेको आरोपमा मायादेवी गाउँपालिका-७ का २७ वर्षीय मनोज भन्ने नरेन्द्र बहादुर रैदासविरुद्ध पीडित पक्षले पुस २२ जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २२ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २२ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ १० गते अपहरण तथा शरीर बन्धक गरी जवरजस्ती करणी गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशचन्द्र अधिकारीको माघ १५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि भैरहवा कारागार पठायो।

१२ वर्षीया बालिकालाई ०८१ माघ ६ गते बलात्कार गरेको आरोपमा कपिलवस्तु नपा-१२ का २१ वर्षीय सुरेश यादवविरुद्ध पीडित पक्षले माघ १५ जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ४ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन १० गते जबरजस्ती करणी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दिल प्रसाद सापकोटाको फागुन १३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि भैरहवा कारागार पठायो।

१६ वर्षीया बालिकालाई ०८१ माघ ६ गते बलात्कार गरेको आरोपमा सुद्धोधन गाउँपालिका-६ का २५ वर्षीय नइम भन्ने नसिम मुसलमानविरुद्ध पीडित पक्षले माघ १५ जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १५ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ २९ गते जवरजस्ती करणी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दिल प्रसाद

सापकोटाको फागुन ५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि भैरहवा कारागार पठायो।

१३ वर्षीया बालिकालाई ०८१ चैत १३ गते अपहरण तथा शरीर बन्धक बनाई बलात्कार गरेको आरोपमा बुद्धभूमी नपा-८, सुर्यपुराका २० वर्षीय सरोज थारुविरुद्ध पीडित पक्षले चैत १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत १५ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण चैत १५ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। घटनाका आरोपित हालसम्म प्रहरीको हिरासतमा छन्।

**दाङ**

१३ वर्षीया बालिकालाई ०८१ पुस १७ गते यौन दुर्व्यवहार गरेको भन्दै घोराही उमनपा-१८ का २० वर्षीय विक्रम परियारविरुद्ध पीडित पक्षले पुस १८ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण पुस १८ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। प्रहरीले आरोपितलाई पुस १८ गते गिरफ्तार गरी माघ २९ गते बालयौन दुरुपयोगसम्बन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले ५० हजार रुपियाँ धरौटीमा रिहा गर्‍यो।

१२ वर्षीया बालिकालाई ०८१ फागुन २२ गते यौन दुर्व्यवहार गरेको भन्दै घोराही उमनपा-१२ का ५५ वर्षीय ओमबहादुर पाण्डेविरुद्ध पीडित पक्षले फागुन २७ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन २७ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपितलाई फागुन २७ गते गिरफ्तार गरी अनुसन्धान थाल्यो।

१४ वर्षीया बालिकालाई ०८१ फागुन २१ गते यौन दुर्व्यवहार गरेको भन्दै राप्ती गाउँपालिका-१ का ५० वर्षीय श्याम वलीविरुद्ध पीडित पक्षले फागुन २३ गते इलाका प्रहरी कार्यालय गढवामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन २३ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपितलाई फागुन २३ गते गिरफ्तार गरी अनुसन्धान थाल्यो।

६ वर्षीया बालिकालाई ०८१ चैत २ गते यौन दुर्व्यवहार गरेको भन्दै राप्ती गाउँपालिका-७ का २८ वर्षीय ऋषि खाम्चाविरुद्ध पीडित पक्षले चैत ३ गते इलाका प्रहरी कार्यालय भालुवाङमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत ३ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपितलाई चैत ३ गते गिरफ्तार गरी अनुसन्धान थाल्यो।

१४ वर्षीया बालिकालाई ०८१ पुस १७ गते तुलसीपुर उमनपा-१२ का २२ वर्षीय रम्बा भन्ने रमेश केसी, तुलसीपुर उमनपा-६ का ३० वर्षीय नविन परियार र तुलसीपुर उमनपा-६ का २७ वर्षीय अर्जुन नेपालीले सामुहिक बलात्कार गरेको भन्दै पीडित पक्षले पुस १८ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण पुस १८ गते राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा भयो। प्रहरीले आरोपितलाई पुस १८ गते घरबाटै गिरफ्तार गरी माघ ६ गते सामुहिक र जवरजस्तीकरणी सम्बन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले माघ ७ गते पुर्पक्षका लागि कारागार पठायो।

१४ वर्षीया बालिकालाई ०८१ पुस १७ गते तुलसीपुर उमनपा-३ का १७ वर्षीय बालकले बलात्कार गरेको भन्दै पीडित पक्षले पुस १८ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण पुस १८ गते राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा भयो। प्रहरीले आरोपितलाई पुस १८ गते घरबाटै गिरफ्तार गरी माघ ६ गते जबरजस्तीकरणी सम्बन्धी मुद्दा चलाएकोमा जिल्ला न्यायाधीश तेजनारायण पौडेलको इजलासले माघ ७ गते बालसुधार गृह नेपालगञ्ज पठायो।

१५ वर्षीया बालिकालाई ०८१ पुस १८ गते बलात्कार गरेको भन्दै १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले पुस १८ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण पुस १८ गते राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा भयो। प्रहरीले आरोपितलाई पुस १८ गते घरबाटै गिरफ्तार गरी माघ माघ ९ गते जवरजस्तीकरणी सम्बन्धी मुद्दा चलाएकोमा जिल्ला न्यायाधीश तेजनारायण पौडेलको इजलासले बालसुधार गृह, नेपालगञ्ज पठायो।

१४ वर्षीया बालिकालाई ०८१ माघ २ गते बलात्कार गरेको भन्दै १८ वर्षीय दाजुविरुद्ध पीडित पक्षले माघ ४ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ ४ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। पीडितको गर्भमा २८ हप्ताको गर्भ रहेकाले सुरक्षा आवासमा राखेर सेवा दिइरहेको प्रहरीले बतायो। आरोपित फरार भएकाले खोजी भइरहेको प्रहरीले जनायो।

१४ वर्षीया बालिकालाई ०८१ माघ २ गते बलात्कार गरेको भन्दै १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले माघ ४ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ ४ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपितलाई माघ ४ गते घरबाटै गिरफ्तार गरी माघ २३ गते जबरजस्ती करणी सम्बन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले माघ २४ गते बालसुधार गृह नेपालगञ्ज पठायो।

१२ वर्षीया बालिकालाई ०८१ माघ ८ गते ६० वर्षीय हजुरबुवाले बलात्कार गरेको भन्दै पीडित पक्षले माघ ९ गते इलाका प्रहरी कार्यालय, गढवामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ ९ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। घटना लगत्तै फरार आरोपितको खोजी भइरहेको इलाका प्रहरी कार्यालय गढवाका इन्स्पेक्टर कालिका कार्कीले बताइन्।

१४ वर्षीया बालिकालाई २०८१ माघ ३० गते शान्तिनगर गाउँपालिका-४ का २२ वर्षीय चन्द्रप्रसाद नाथले बलात्कार गरेको भन्दै पीडित पक्षले फागुन १ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन १ गते राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा भयो। प्रहरीले आरोपितलाई फागुन १ गते घरबाटै गिरफ्तार गरी फागुन २१ गते जबरजस्तीकरणी सम्बन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतको फागुन २२ गतेको आदेशले पुर्पक्षका लागि थुनामा पठायो।

चार वर्षीया बालिकालाई ०८१ फागुन १ गते बलात्कार गरेको भन्दै १६ वर्षीया बालकविरुद्ध पीडित पक्षले फागुन ४ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन ४ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपितलाई फागुन ४ गते घरबाटै गिरफ्तार गरी फागुन २१ गते जबरजस्तीकरणी सम्बन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतको फागुन २३ गतेको आदेशले बाल सुधार गृह नेपालगञ्ज पठायो।

नौ वर्षीया बालिकालाई ०८१ फागुन १२ गते राप्ती गाउँपालिका-१ का ३५ वर्षीय लुमबहादुर गुरुङले बलात्कार गरेको भन्दै पीडित पक्षले फागुन १३ गते इलाका प्रहरी कार्यालय गढवामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन १३ गते राप्ती स्वास्थ्य विज्ञान घोराहीमा भयो। प्रहरीले आरोपितलाई फागुन १३ गते भालुवाङबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् चैत ३ गते जबरजस्तीकरणी सम्वन्धी मुद्दा जिल्ला अदालतमा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश राजेश्वर अर्यालको चैत ४ गतेको इजलासले १ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

नौ वर्षीया बालिकालाई ०८१ माघ २४ गते बलात्कार गरेको भन्दै दाजु नातापर्ने १८ वर्षीय युवकविरुद्ध पीडित पक्षले चैत १२ गते बंगलाचुली-२ वडा कार्यालयमा निवेदन दिए। पीडितले पेट दुख्छ भनेपछि चैत २ गते वुद्ध हस्पिटल घोराहीमा जाँच गराउँदा यौनाङगमा घाउ देखिएपछि बलात्कृत भएको पीडितले खुलाईन। पीडित पक्षले न्यायका लागि भन्दै चैत ८ गते दिन वडा कार्यालयमा निवेदन दिएका पीडित पक्ष र आरोपित पक्षवीच छलफल गराई घरको कुरा प्रहरीमा लैजादा समस्या हुने र वेइज्जत हुने भन्दै वडाध्यक्ष डोमबहादुर केसीको उपस्थितिमा चैत १३ गते मिलापत्र भयो। पीडित प्रहरीमा नआएको जिल्ला प्रहरी कार्यालय दाङका डिएसपी चक्रबहादुर शाहले बताए।

**बाँके**

१२ वर्षीया दुई बालिकालाई ०८१ पुस २२ गते बलात्कार गरेको भन्दै १८ वर्षीय रोशन रावत, १३ वर्षीय बालक र अछाम तुर्माखाद गाउँपालिका-१ घरभई हाल कोहलपुर नगरपालिका-११, चपरगौढी स्थिति न्यू हिमालय होटेल एण्ड लज सञ्चालक ४१ वर्षीय तोपेन्द्र बहादुर शाहीविरुद्ध पीडित पक्षले पुस २३ गते इलाका प्रहरी कार्यालय, कोहलपुरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस २४ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। आरोपितलाई प्रहरीले पुस २४ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध माघ १३ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायधीश भिष्मराज प्रसाईको माघ १३ गतेको आदेशले १३ वर्षीय बालकलाई अभिभावकको जिम्मा र बाँकी दुई जना आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०८१ पुस २३ गते बलात्कार गरेको भन्दै भारतको नानपारा तहसील बहराइच जिल्ला रुपैडीहा थाना बस्ने हाल नेपालगञ्ज उपमहानगरपालिका-१४, चौलिक्का बस्ने २२ वर्षीय अमन राईविरुद्ध पीडित पक्षले माघ ८ गते जिल्ला प्रहरी कार्यालय कोहलपुरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ ८ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। आरोपितलाई प्रहरीले माघ १७ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध माघ १३ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८१ पुस २१ गते बलात्कार गरेको भन्दै नेपालगञ्ज उपमहानगरपालिका-१०, भृकुटीनगरका १९ वर्षीय अनिस फडेराविरुद्ध पीडित पक्षले माघ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस २४ गते भेरी अस्पताल,

नेपालगञ्जमा भयो। आरोपितलाई प्रहरीले पुस २४ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध माघ १३ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ १३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८१ पुस २१ गते बलात्कार गरेको भन्दै बर्दिया जिल्ला बासगढी नगरपालिका-६, दमौली बस्ने २० वर्षीय अजय नेपालीविरुद्ध पीडित पक्षले माघ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस २४ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। आरोपितलाई प्रहरीले पुस २४ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध माघ १३ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ १३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८१ फागुन २ गते अपहरण गरी बलात्कार गरेको भन्दै कोहलपुर नगरपालिका-११, लोकनगर बस्ने ४० वर्षीय तिलक चन्दविरुद्ध पीडित पक्षले फागुन ४ गते इलाका प्रहरी कार्यालय, कोहलपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ३ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। प्रहरीले आरोपितविरुद्ध फागुन ८ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया युवतीलाई ०८१ माघ २९ गते बलात्कार गरेको भन्दै दाङ जिल्ला दंगीशरण गाउँपालिका-४ घरभइ हाल नेपालगञ्ज उपमहानगरपालिका-४, गणेशपुर बस्ने २० वर्षीय केशव बोहराविरुद्ध पीडित पक्षले फागुन २ गते इलाका प्रहरी कार्यालय, कोहलपुरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन ३ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। आरोपितलाई प्रहरीले फागुन २ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध फागुन २७ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८१ फागुन ६ गते बलात्कार गरेको भन्दै कैलाली जिल्ला लम्कीचुहा नगरपालिका-८ बस्ने २४ वर्षीय रमेश नेपालीविरुद्ध पीडित पक्षले फागुन ८ गते इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन ८ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। आरोपितलाई प्रहरीले फागुन ७ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध चैत ३ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०८१ पुस २३ गते बलात्कार गरेको भन्दै नेपालगञ्ज उपमहानगरपालिका-१४ बस्ने २२ वर्षीय अमन राईविरुद्ध पीडित पक्षले माघ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ ९ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। घटनाका आरोपित फरार छन्।

६ वर्षीया बालिकालाई ०८१ पुस २४ गते बलात्कार गरेको भन्दै बैजनाथ गाउँपालिका-२, डिगिया बस्ने २२ वर्षीय सर्वजीत बुढाथोकीविरुद्ध पीडित पक्षले पुस २६ गते इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस २७ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। आरोपितलाई प्रहरीले पुस २६ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध माघ २२ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

११ वर्षीया बालिकालाई ०८१ फागुन २३ गते बलात्कार गरेको भन्दै कोहलपुर नगरपालिका-१०, चटार बस्ने २९ वर्षीय राधेकृष्ण थारुविरुद्ध पीडितपक्ष फागुन २३ गते इलाका प्रहरी कार्यालय, कोहलपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २३ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। प्रहरीले आरोपितविरुद्ध चैत १९ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत २० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

बौद्धिक रुपमा अपा ता भएकी १४ वर्षीया बालिकालाई ०८१ फागुन २१ गते बलात्कार गरेको भन्दै नेपालगञ्ज उपमहानगरपालिका-१४, भवानियापुरका ३६ वर्षीय निब्बर भन्ने मोहनलाल कोरीविरुद्ध पीडित पक्षले फागुन २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २१ गते भेरी अस्पताल,

नेपालगञ्जमा भयो। प्रहरीले आरोपितल फरार रहेको खोजी तथा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी दिपक पातलीले बताए।

पाँच वर्षीया बालिकालाई ०८१ फागुन १६ गते बलात्कार गरेको भन्दै जानकी गाउँपालिका-५, बनियागाउँका १८ वर्षीय नाउ बनियाविरुद्ध पीडित पक्षले फागुन १८ गते प्रहरी जिल्ला कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन १७ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। आरोपितलाई प्रहरीले फागुन १७ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध चैत ७ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

सात वर्षीय र नौ वर्षीय बालकलाई ०८१ पुस २३ गते यौन दुर्व्यवहार गरेको भन्दै नेपालगञ्ज उपमहानगरपालिका-१० का ५० वर्षीय निर्मल श्रेष्ठविरुद्ध पीडित पक्षले पुस २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २४ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। प्रहरीले आरोपितविरुद्ध माघ २४ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया युवतीलाई ०८१ पुस २१ गते यौन दुर्व्यवहार गरेको भन्दै डुडुवा गाउँपालिका-६ का १९ वर्षीय कलकतिया भन्ने सुरेन्द्र धाबीविरुद्ध पीडित पक्षले पुस २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २३ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो।

**बर्दिया**

१४ वर्षीया बालिकालाई ०८१ फागुन २० गते बलात्कार गरेको भन्दै गुलरिया नगरपालिका-१ बस्ने ३१ वर्षीय शिवप्रसाद थारुविरुद्ध पीडित पक्षले फागुन २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २२ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २२ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध चैत ११ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत १२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८१ पुस १८ गते यौन दुर्व्यवहार गरेको भन्दै बढैयाताल गाउँपालिका-४, ग्रोबेपुर बस्ने ३१ वर्षीय रमेश खटिकविरुद्ध पीडित पक्षले पुस २३ गते इलाका प्रहरी कार्यालय, मैनापोखरमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २३ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध फागुन १ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बालयौन दुर्व्यवहार गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २ गतेको इजलासले आरोपितलाई २० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

१५ वर्षीया बालिकालाई ०८१ फागुन ३ गते यौन दुर्व्यवहार गरेको भन्दै गुलरिया नगरपालिका-११ बस्ने ३१ वर्षीय नुरुल हसन गद्दीविरुद्ध पीडित पक्षले फागुन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ३ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध फागुन २३ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा यौन दुर्व्यहारको गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २४ गतेको इजलासले आरोपितलाई ३५ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

६ वर्षीया बालिकालाई ०८१ फागुन ११ गते यौन दुर्व्यवहार गरेको भन्दै राजापुर नगरपालिका-४ बस्ने ४१ वर्षीय मालिकराम गुप्ताविरुद्ध पीडित पक्षले फागुन १२ गते इलाका प्रहरी कार्यालय, राजापुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १२ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध फागुन २९ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बालयौन दुर्व्यवहार गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत्र २ गतेको इजलासले आरोपितलाई २० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

१५ वर्षीया बालिकालाई ०८१ माघ ३ गते यौन दुर्व्यवहार गरेको भन्दै बढैयाताल गाउँपालिका-३, सतबरिया बस्ने २३ वर्षीय कलिम अन्सारीविरुद्ध पीडित पक्षले माघ २५ गते इलाका प्रहरी कार्यालय, मैनापोखरमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २५ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध चैत ३ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा यौन दुर्व्यवहार गरेको

अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ४ गतेको इजलासले आरोपितलाई २० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

१२ वर्षीया बालिकालाई ०८१ फागुन १९ गते यौन दुर्व्यवहार गरेको भन्दै बासगढी नगरपालिका-६, दमौली बस्ने १९ वर्षीय अभिशेष मगरविरुद्ध पीडित पक्षले फागुन २० गते इलाका प्रहरी कार्यालय, मैनापोखरमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २० गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध चैत ६ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा यौन दुर्व्यवहार गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत १४ गतेको इजलासले कसुर ठहर गर्दै ३ महिना १५ दिन कैद सजाय, ३ हजार रुपियाँ जरिबाना, २५ हजार रुपियाँ क्षतिपूर्ति र २ सय रुपियाँ पीडित राहत कोषमा भराउने फैसला सुनायो।

## बालविवाह

### पश्चिम नवलपरासी

सुस्ता गाउँपालिका-३, उखुँबारीकी १७ वर्षीया बन्दना हरिजनलाई ०८१ पुस २९ गते बालविवाह गरेको आरोपमा पाल्हीनन्दन गाउँपालिका-४, कुश्माका २४ वर्षीय अमरजित हरिजनविरुद्ध पीडित पक्षले माघ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ३ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध माघ २९ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बाल विवाह गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### दाङ

राजपुर गाउँपालिका-४ की १३ वर्षीया बालिकालाई ललाई फकाई ०८१ फागुन ८ गते राजपुर गाउँपालिका-४ का २८ वर्षीय रामगणेश यादवले बालविवाह गरी लगेको भन्दै पीडित पक्षले फागुन ८ गते इलाका प्रहरी कार्यालय, गढवामा उजुरी दिए। ललाई फकाई गरी बेपत्ता पारेकाले खोजी गरिदिन पीडित पक्षले प्रहरीमा उजुरी दिएको इलाका प्रहरी कार्यालय, गढवाका इन्स्पेक्टर कालिका कार्कीले बताइन्। इन्स्पेक्टर कार्कीले बालिका लगेर भागेकाले खोजी भइरहेको बताइन्।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार मानव बेचबिखन तथा ओसारपसार

### दाङ

२२ वर्षीया महिलालाई ०८१ माघ ४ गते तुलसीपुर उमनपा-१६ का ३० वर्षीय राजेश नेपाली, उनकी पत्नी ३५ वर्षीया राधा पाण्डेयले सस्तोमा सामान किन्न जाने भन्दै भारतको कृष्णनगर हुँदै बलरामपुर लगेर भारु ३५ हजारमा उत्तर प्रदेश बलरामपुर जिल्ला इमिलियाका ४९ वर्षीय रामनिवास मौर्यलाई बिक्री गरेको भन्दै पीडित पक्षले माघ १४ गते इलाका प्रहरी कार्यालय, गढवामा उजुरी दिए। प्रहरीले पीडित महिलालाई माघ १७ गते भारतबाटै उद्धार गरी नेपाल ल्यायो। पीडितको स्वास्थ्य परीक्षण माघ १८ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। प्रहरीले बिक्री गर्ने राजेश नेपालीलाई माघ १६ गते गढवा-१ कालाकाटेबाट, राधालाई माघ २२ गते घोराहीबाट र किन्ने मौर्यलाई गढवा गाउँपालिका-८, कोइलावासबाट गिरफ्तार गरी फागुन ९ गते मानव वेचविखन तथा ओसारपसारसम्वन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले फागुन १२ गते पुर्पक्षका लागि कारागार पठायो।

## बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

### प्यूठान

२६ वर्षीया महिलालाई ०८१ फागुन १८ गते बलात्कार गरेको आरोपमा झिमरुक गाउँपालिका–२ का ३० वर्षीय लिलबहादुर विष्टविरुद्ध पीडितका आफन्तले फागुन १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण ०८१ फागुन १९ गते जिल्ला अस्पताल, बिजुवारमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् चैत १० गते जबर्जस्ती करणी गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत १० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### पश्चिम नवलपरासी

३० वर्षीया महिलालाई ०८१ पुस १८ गते बलात्कार गरेको आरोपमा प्रतापपुर गाउँपालिका-८, फट्कीटोलाका ४२ वर्षीय रामनगीना कोइरीविरुद्ध पीडित पक्षले पुस २० गते इलाका प्रहरी कार्यालय, बेलाटारीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस २० गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो। घटनाका आरोपित फरार रहेकाले थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय, बेलाटारीका इन्स्पेक्टर प्रकाश केसीले बताए।

## रुपन्देही

३४ वर्षीया महिलालाई ०८१ चैत ७ गते बलात्कार गरेको भन्दै पीडित पक्षले सैनामैना नपा-९, पिपलडाडाका ४४ वर्षीय हरिबहादुर घर्ती क्षेत्रीविरुद्ध पीडितले चैत १२ गते इलाका प्रहरी कार्यालय, सालझण्डीमा जबरजस्ती करणी सम्बन्धी कसुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत १२ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत १० गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। घटनाका आरोपित हालसम्म प्रहरी हिरासतमा छन्।

२१ वर्षीया महिलालाई ०८१ माघ १३ गते बलात्कार गरेको भन्दै तिलोत्तमा नपा-७, भलवारीका ४१ वर्षीय सुर्यभान चौधरीविरुद्ध पीडित पक्षले माघ १६ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १५ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन ९ गते जवरजस्ती करणी गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नारायण सापकोटाको फागुन १० गतेको आदेशले पुपर्क्षका लागि कारागार पठायो।

१८ वर्षीया युवतीलाई ०८१ माघ २८ गते बलात्कार प्रयास गरेको भन्दै गुल्मी जिल्ला इश्मा गाउँपालिका-३, खादु ाका १८ वर्षीय मनोज भुसालविरुद्ध पीडित पक्षले फागुन १ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ३० गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन २२ गते जवरजस्ती करणी उद्योग गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नारायण सापकोटाको फागुन २५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि भैरहवा कारागार पठायो।

४० वर्षीया महिलालाई ०८१ फागुन २४ गते बलात्कार प्रयास गरेको भन्दै लुम्बिनी साँस्कृतिक नगरपालिका-४, अमारीका ३५ वर्षीय योगेन्द्र यादवविरुद्ध पीडित पक्षले फागुन २४ गते इलाका प्रहरी कार्यालय, लुम्बिनीमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २४ गते भिम अस्पताल, भैरहवामा भयो। घटनाका आरोपित हालसम्म प्रहरी हिरासतमा छन्।

१९ वर्षीया युवतीलाई ०८१ चैत १६ गते बलात्कार प्रयास गरेको भन्दैसैनामैना-११ उत्तर बढौलीका २७ वर्षीय राजु बुढा मगरविरुद्ध पीडित पक्षले चैत १७ गते इलाका प्रहरी कार्यालय, सालझण्डीमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत १७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत १६ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। घटनाका आरोपित हालसम्म प्रहरी हिरासतमा छन्।

## कपिलवस्तु

३० वर्षीया महिलालाई ०८१ पुस २१ गते बलात्कार गरेको भन्दै शिवराज नपा-६, पैकेबण्डाका ३० वर्षीय उमर थारु कुजडाविरुद्ध पीडित पक्षले माघ ३ गते इलाका प्रहरी कार्यालय, चन्द्रौटामा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस २१ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। आरोपितलाई प्रहरीले माघ ११ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ ११ गते जवरजस्ती करणी गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशचन्द्र अधिकारीको माघ १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि भैरहवा कारागार पठायो।

१९ वर्षीया युवतीलाई ०८१ पुस २१ गते अपहरण तथा शरीर बन्धक बनाई बलात्कार गरेको भन्दै बुद्धभुमी नपा-८ का ४० वर्षीय सुकै यादवविरुद्ध पीडित पक्षले माघ ७ गते इलाका प्रहरी कार्यालय, गणेशपुरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ ७ गते बहादुरगंज अस्पतालमा भयो। आरोपित फरार रहेकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी मोहनमणी अधिकारीले बताए।

१८ वर्षीया बालिकालाई ०८१ फागुन २५ गते बलात्कार गरेको आरोपमा बुद्धभुमी नपा-१, टिकरका २९ वर्षीय सुरेश कामीविरुद्ध चैत २३ गते इलाका प्रहरी कार्यालय, गोरुसिंगेमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत २३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत २२ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। घटनाका आरोपित प्रहरी हिरासतमा छन्।

२० वर्षीया युवतीलाई ०८१ फागुन ९ गते बलात्कार प्रयास गरेको भन्दै वाणगंगा नपा-८, सिसेनीका ३६ वर्षीय अमिर मियाँविरुद्ध पीडित पक्षले फागुन ११ गते इलाका प्रहरी कार्यालय, पिपरामा उजुरी दियो। प्रहरीले आरेपितलाई फागुन ११ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १० गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी

वकिल कार्यालय मार्फत् फागुन २७ गते जवरजस्ती करणी उद्योग गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशचन्द्र अधिकारीको फागुन २९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि भैरहवा कारागार पठायो।

२० वर्षीया युवतीलाई ०८१ फागुन ९ गते बलात्कार प्रयास गरेको भन्दै वाणगंगा नपा-८, सिसेनीका ३६ वर्षीय अमिर मियाँविरुद्ध पीडित पक्षले फागुन ११ गते इलाका प्रहरी कार्यालय, पिपरामा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन ११ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १० गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन २४ गते जवरजस्ती करणी उद्योग गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दिल प्रसाद सापकोटाको फागुन २५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि भैरहवा कारागार पठायो।

३३ वर्षीया महिलालाई ०८१ फागुन २१ गते बलात्कार प्रयास गरेको भन्दै ४५ वर्षीय ससुराविरुद्ध पीडित पक्षले फागुन २५ गते इलाका प्रहरी कार्यालय, चन्द्रौटामा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २५ गते बहादुरगञ्ज अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् चैत १२ गते जवरजस्ती करणी उद्योग गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशचन्द्र अधिकारीको चैत १३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि भैरहवा कारागार पठायो।

**महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी – मार्च २०२५)**

| | |
|---|---|
| बलात्कार | १८ |
| घरेलु हिंसा | ३८६ |
| साइबर अपराध | १ |
| बलात्कार प्रयास | ६ |
| बेचबिखन तथा ओसारपसार | १ |
| परिवारजनबाट हत्या | ४ |
| जम्मा | ४१६ |

**दाङ**

३२ वर्षीया महिलालाई ०८१ पुस १८ गते ४२ वर्षीय जेठाजुले बलात्कार गरेको भन्दै पीडित पक्षले पुस १८ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण पुस १८ गते राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा भयो। प्रहरीले आरोपितलाई पुस १८ गते गिरफ्तार गरी माघ ९ गते हाडनाताकरणी सम्वन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले माघ १० गते पुर्पक्षका लागि कारागार पठायो।

२८ वर्षीया महिलालाई ०८१ पुस १७ गते घोराही उमनपा-३ का २८ वर्षीय विपिन चौधरीले बलात्कार गरेको भन्दै पीडित पक्षले पुस १८ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण पुस १८ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपितलाई पुस १८ गते घरबाटै गिरफ्तार गरी माघ १५ गते जवरजस्तीकरणी सम्बन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले माघ १८ गते पुर्पक्षका लागि कारागार पठायो।

१८ वर्षीया युवतीलाई ०८१ माघ २७ गते नचिनेको व्यक्तिले बलात्कार गरेको भन्दै पीडित पक्षले माघ २८ गते वडा प्रहरी कार्यालय लमहीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ २८ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। आरोपित पहिचान हुन नसकेकाले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय दाङका एसपी अर्जुन तिमिल्सनाले बताए।

२१ वर्षीया महिलालाई ०८१ फागुन १५ गते

गुठीचौर गाउँपालिका-१ का २८ वर्षीय नेत्रबहादुर रोकायाले बलात्कार गरेको भन्दै पीडित पक्षले फागुन १९ गते इलाका प्रहरी कार्यालय गढवामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन १९ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। प्रहरीले आरोपितलाई फागुन १९ गते गढवाबाटै गिरफ्तार गरी चैत १३ गते जवरजस्तीकरणी सम्वन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले चैत १४ गते पुर्पक्षका लागि कारागार पठायो।

२५ वर्षीया महिलालाई ०८१ फागुन १० गते ४४ वर्षीय काकाले बलात्कार गरेको भन्दै पीडित पक्षले फागुन १३ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन १३ गते राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा भयो। प्रहरीले आरोपितलाई फागुन १३ गते घरबाटै गिरफ्तार गरी चैत ८ गते हाडनाताकरणी सम्वन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले चैत १२ गते पुर्पक्षका लागि कारागार पठायो।

**बाँके**

३१ वर्षीया महिलालाई ०८१ पुस २३ गते बलात्कार गरेको आरोपमा सुर्खेत जिल्ला घरभई हाल कोहलपुर नगरपालिका-१ बस्ने ३२ वर्षीय गोपाल परियारविरुद्ध पीडित पक्षले पुस २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २८ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। प्रहरीले आरोपितविरुद्ध माघ २४ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२० वर्षीया महिलालाई ०८१ पुस २५ गते बलात्कार गरेको भन्दै राप्तीसोनारी गाउँपालिका-२, टिकुलीपुर बस्ने २३ वर्षीय चन्द्रबहादुर विकविरुद्ध पीडित पक्षले पुस २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २८ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। प्रहरीले आरोपितविरुद्ध माघ २२ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

३५ वर्षीया महिलालाई ०८१ माघ ६ गते बलात्कार गरेको भन्दै कास्की जिल्ला डुलु नगरपालिका-८ घरभई हाल नेपालगञ्ज उपमहानगरपालिका-६, फुलटेक्रा बस्ने ३८ वर्षीय प्रकाश सुनारविरुद्ध पीडित पक्षले माघ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ७ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। प्रहरीले आरोपितविरुद्ध फागुन १५ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२५ वर्षीया महिलालाई ०८१ माघ ३ गते बलात्कार गरेको भन्दै नेपालगञ्ज उपमहानगरपालिका-११, इदगाहका ४७ वर्षीय नूर अलि जसगढविरुद्ध पीडित पक्षले फागुन १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ६ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। प्रहरीले आरोपितविरुद्ध फागुन २७ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

## परिवारजनबाट हत्या

**रोल्पा**

त्रिवेणी गाउँपालिका-६, थुम्का निवासी ३२ वर्षीया अस्मिता बुढामगरको ०८१ फागुन १३ गते सामान्य विवाद हुँदा धारिलो हतियार प्रयोग गरी हत्या गरेको आरोपमा पति ४० वर्षीय खिमबहादुर बुढामगरविरुद्ध पीडित पक्षले फागुन १३ गते जिल्ला प्रहरी कार्यलयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १३ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम फागुन १३ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन २९ गते हत्या गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**पश्चिम नवलपरासी**

प्रतापपुर गाउँपालिका-३, प्रतापपुर निवासी २० वर्षीया सोनीया हरिजनलाई ०८१ माघ १८ गते घरायसी विवादमा हत्या गरेको आरोपमा पति २९ वर्षीय इन्द्रजित चमारविरुद्ध पीडित पक्षले माघ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २९ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम माघ १८ गते

जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन ६ गते हत्या गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**रुपन्देही**

देवदह नपा-८, टटेराकी ४५ वर्षीया कमला सेनको ०८१ पुस २६ गते आफूले मागेजति पैसा नपठाएको भन्दै पति ४७ वर्षीय रुद्रबहादुर खड्काले चक्कु प्रहार गरी हत्या गरे। कमला बैदेशिक रोजगारीमा गएर केही दिन अगाडीमात्रै फर्किएकी थिइन्। आरोपितविरुद्ध पीडित पक्षले पुस २७ गते इलाका प्रहरी कार्यालय, बुटवल उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २७ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम पुस २७ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा गरीसोही दिन मृतकका जेठाजुले बुझी सद्गत गरे। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ २० गते हत्या गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नारायण सापकोटाको चैत १३ दावी पुग्ने फैसला गऱ्यो। सजाय निर्धारण गर्न बाँकी रहेको जिल्ला अदालतका स्रेस्तेदार ले बताए।

रुपन्देही कञ्चन गाउँपालिका-१, सुन्दर टोलकी ४५ वर्षीया पार्वती दमाईलाई ०८१ फागुन १ गते राति घरायसी विवाद हुँदा हँसिया प्रहार गरी हत्या गरेको आरोपमा कान्छा छोरा २० वर्षीय सरोज परियारविरुद्ध पीडित पक्षले फागुन २ गते इलाका प्रहरी कार्यालय, सालझण्डीमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १ गते गिरफ्तार गऱ्यो। हत्या गरिएकी आमाको आँखाका माथिल्लो भागमा गहिरो चोट लागेको थियो भने दुवै हातको बुढी औँला काटेर सेफ्टी ट्याङ्कीमा फालिएको अवस्थामा फेला परेको इलाका प्रहरी कार्यालय, बुटवलका डिएसपी विजयराज पण्डितले बताए। शवको पोष्टमार्टम फागुन १ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा गरी फगुन २ गते जेठा छोरा २४ वर्षीय मनोज परियारलाई जिम्मा लगायो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन १८ गते हत्या गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**साइबर अपराध**

**बर्दिया**

१८ वर्षीया युवतीलाई ०८१ माघ १३ गते सामाजिक सञ्जालमा मार्फत अश्लिल फोटो बनाएर पोष्ट गरेको आरोपमा बढैयाताल गाउँपालिका-२ का २६ वर्षीय कमल बुढाथोकीविरुद्ध पीडित पक्षले माघ १३ गते इलाका प्रहरी कार्यालय, मैनापोखरमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १३ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितहरुविरुद्ध फागुन २ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा अश्लिल सामग्री बनाउन नपाउने अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ४ गतेको आदेशले ३० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।


*मानव अधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**लुम्बिनी प्रदेशद्वारा प्रकाशित**

**सल्लाहकार** : भोला महत, **संयोजन/सम्पादन** : सोम नेपाली, **व्यवस्थापक** : खिमलाल भट्टराई

जानकी गाउँपालिका-३, गुलरीया रोड, बाँके, फोन : ०८१-४१५३४३

इमेल : nepalgunj@insec.org.np, Website : www.inseconline.org